सैनामैना नगरपालिका

# स्थानीय राजपत्र

खण्ड १) सैनामैना, फागुन महिना १६ गते, २०७४ साल (संख्या १०

## भाग- १
## सैनामैना नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सैनामैना नगरपालिकाको नगरसभाबाट स्वीकृत ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सैनामैना नगरपालिकाको एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन कार्यविधि) ऐन, २०७४

**प्रस्तावना :** एफ.एम रेडियो सञ्चालनको लागि अनुमति, नवीकरण र नियमन गर्ने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकोले सैनामैना नगरपालिकाको नगरसभाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) तथा संविधानको धारा २२६ (१) बमोजिम यो ऐन बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐन को नाम एफ.एम .रेडियो (व्यवस्थापन तथा सञ्चालन कार्यविधि) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ ।
(ख) "उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ ।
(ग) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।
(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।
(ङ) "नगरपालिका" भन्नाले सैनामैना नगरपालिका सम्झनु पर्छ ।
(च) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय वा सो कामको लागि तोकिएको संघको मन्त्रालयलाई सम्झनुपर्छ ।
(छ) "विषयगत शाखा" भन्नाले नगरपालिका अन्तर्गतको विषयगत शाखा, उपशाखा, कार्यालय वा इकाइलाई सम्झनुपर्छ ।
(ज) "वडा सचिव" भन्नाले नगरपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडा सचिव सम्झनु पर्छ ।
(झ) "वडा समिति" भन्नाले नगरपालिकाको वडा समिति सम्झनु पर्छ ।
(ञ) "सदस्य" भन्नाले नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ । सो शब्दले नगरकार्यपालिकाको प्रमुख, उपप्रमुख र वडा अध्यक्ष समेतलाई जनाउने छ ।
(ट) "स्याटेलाइट रिसिभिङ सिस्टम" भन्नाले अधिकांस भाग पृथ्वीको वायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भू–उपग्रहहरू वा अन्तरिक्ष स्टेशनबाट प्राप्त गर्ने डिस एन्टेना लगायतका सञ्चार प्रणाली सम्झनु पर्दछ ।
(ठ) "रेडियो यन्त्र" भन्नाले लगातार तारको कनेक्सन विना रेडियो तरङ्गद्वारा शब्द, चित्र वा सङ्केत प्राप्त गर्ने वा पठाउने कामको निमित्त प्रयोग गरिने देहायको यन्त्रहरू सम्झनु पर्छ ।
(१) डिस एन्टेना लगायत सबै प्रकारको स्याटलाइट रिसिभिङ सिस्टमहरू,
(२) रेडियो ट्रान्समिटर ।
(ड) "सभा" भन्नाले सैनामैना नगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

**३. प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन :**

(१) नगरपालिकाभित्र १०० वाट सम्मको एफ.एम. रेडियोको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालनको नीति निर्माण गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

(२) यो कार्यविधि लागु हुनुपूर्व प्रचलित कानुन बमोजिम इजाजतपत्र लिई सञ्चालन भइरहेका एफ.एम. रेडियोहरूको प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन कार्य समेत नगरपालिकाको हुनेछ ।

**४. इजाजतपत्र नलिई प्रसारण गर्न नहुने :**

(१) कसैले यस कार्यविधि बमोजिम इजाजतपत्र नलिई यस नगरपालिका क्षेत्रभित्र एफ.एम सञ्चालन गर्न पाउने छैन ।

(२) कसैले उपदफा (१) विपरीत गरेमा दफा २१ बमोजिम जरिवाना गरिने छ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन जारी हुनुभन्दा अगावै प्रचलित नेपाल कानून बमोजिम दर्ता भई सञ्चालन भइरहेका १०० वाटसम्म क्षमता भएका एफ .एम .रेडियोहरूको हकमा नयाँ इजाजतपत्र लिइरहनु पर्ने छैन ।

**५. इजाजतपत्रको लागि निवेदन दिनु पर्ने :**

(१) एफ.एम. रेडियो सञ्चालन इजाजतपत्र लिन चाहने व्यक्ति वा सङ्गठित संस्थाले अनुसूची-१ बमोजिमको ढाँचामा नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने इजाजतपत्र अनुसूची-२ को ढाँचामा नगरपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

**६. निवेदन साथ संलग्न गर्नुपर्ने :**

दफा ५ बमोजिम दिने निवेदन साथ देहायको कागजात संलग्न गर्नु पर्नेछ :

(क) सम्बन्धित विषयमा अनुभवी तथा ख्यातिप्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धनात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यावसायिक पक्षमा विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन,

(ख) प्रसारण संस्था दर्ताको प्रमाणपत्र सम्बन्धित विधान तथा सञ्चालकहरूको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) नगर सभाले तोके अनुरुपको निवेदन दस्तुर बुझाएको नगदी रसिद वा तोकिएको राजस्व खातामा जम्मा गरेको दोस्रोप्रति भौचरको साथै प्रसारण केन्द्र रहने ठाउँको विवरण,

(घ) एफ.एम. रेडियो दर्ता र नवीकरणको लागि आवश्यक कागजातहरू अनुसूची–१ र नवीकरणको लागि अनुसूची-२ बमोजिम कागजातहरू अनिवार्य समावेश गर्नु पर्ने छ।

**७. इजाजतपत्र दिन सकिने :**

(१) नगरपालिकाले दफा ५ बमोजिम प्राप्त निवेदन र संलग्न कागजात साथै राखी फ्रिक्वेन्सी उपलब्ध हुने नहुने सम्बन्धमा नेपाल सरकारको विषयगत मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी पठाएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयबाट फ्रिक्वेन्सी उपलब्ध गराउन सकिने व्यहोरा लेखी आएमा नगरपालिकाले निवेदकलाई इजाजतपत्र उपलब्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र दिनुपूर्व नगरपालिकाले रेडियो उपकरणहरू (एफ. एम. ट्रान्समिटर, एस.टी.एल.लिंक र बि.बि.सि.रिसिभर) को इजाजत र नियमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) रेडियो उपकरणहरू -एफ.एम. ट्रान्समिटर, एस.टी.एल.लिंक र बि.बि.सि. रिसिभर) को इजाजतपत्र लिनको लागि अनुसूची–६, ७, र ८ बमोजिम कागजातहरू अनिवार्य समावेश गर्नु पर्नेछ।

(५) इजाजतपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ।

**८. इजाजतपत्रको अवधि र नवीकरण दस्तुर :**

(१) एफ.एम रेडियोको इजाजतपत्र प्रत्येक आर्थिक वर्षमा दर्ता र नवीकरण गर्नु पर्नेछ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने संस्था वा व्यक्तिले इजाजतपत्र बहाल रहने अवधि भुक्तान नहुँदै नगर सभाले तोके अनुसारको बुझाउनु पर्ने अघिल्लो आर्थिक वर्षको शुल्क बुझाएको प्रमाण संलग्न गरी इजाजतपत्र नवीकरणको लागि अनुसूची–३ बमोजिमको ढाँचामा सूचना शाखामा निवेदन दिनु पर्नेछ।

(३) दफा (२) बमोजिम इजाजतपत्र नवीकरणको लागि कुनै निवेदन पर्न आएमा नगरपालिकाले इजाजतपत्र दिँदा नगरसभाले तोके बमोजिम शुल्क लिई त्यस्तो इजाजतपत्र नवीकरण गरी दिन सक्नेछ।

(४) दफा (२) बमोजिमको म्याद भुक्तान भएपछि १ वर्षभित्रसम्म इजाजतपत्र

नवीकरण गर्न आएमा नगरसभाले तोके बमोजिम जरिवाना र विलम्ब दस्तुर समेत लिई इजाजत पत्र नवीकरण गरी दिन सक्नेछ । म्याद भुक्तान भएको १ वर्षभित्र पनि इजाजतपत्र नवीकरण नगराएमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(७) एफ.एम. रेडियो दर्ता, तथा नवीकरण शुल्क नगरसभाले तोके बमोजिम हुनेछ ।

## ९. दस्तुर तिर्नु पर्ने :

(१) एफ.एम. रेडियो सञ्चालन गर्ने संस्था वा व्यक्तिले नगरसभाले तोके बमोजिम शुल्क तिर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम शुल्क बुझाउँदा सम्बन्धित संस्था वा व्यक्तिले सो आर्थिक वर्षको लेखा परीक्षण सम्पन्न गराई सोको प्रतिवेदन समेत पेस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम शुल्क नबुझाउने वा उपनियम (२) बमोजिम लेखा परीक्षणको प्रतिवेदन पेस नगर्ने संस्था वा व्यक्तिका सम्बन्धमा नगर कार्यपालिकाले देहाय बमोजिम गर्न सक्नेछ :-

(क) विज्ञापनमा रोक लगाउन,

(ख) सञ्चार सामग्री एवम् सोसँग सम्बन्धित कच्चा पर्दाथको पैठारीमा रोक लगाउन,

(ग) त्यस्तो संस्था वा व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र रद्द गर्न ।

## १०. प्रसारणमा रोक लगाउन सकिने :

नगरपालिकाले कुनै एफ.एम. रेडियो प्रसारण स्थलको निरीक्षण गर्दा वा त्यस्तो एफ.एम. रेडियोको कुनै प्रसारण सम्बन्धमा परेको उजुरीको छानबिन गर्दा देहाय बमोजिम भएको देखिएमा बढीमा ३ महिनाको लागि त्यस्तो एफ .एम. रेडियोको कुनै कार्यक्रम वा सम्पूर्ण कार्यक्रमको प्रसारणमा रोक लगाउन सक्नेछ :

(क) निरीक्षण तथा छानबिन गर्दा सर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको र त्यसरी मौका दिँदा पनि सर्त बमोजिम काम नगरेको भन्ने पुनः गरिएको निरीक्षण तथा छानबिनबाट देखिएमा,

(ख) समितिले कसैले कार्यविधि बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफ.एम. रेडियो तत्काल

बन्द गर्ने तथा हटाउन सुझाव प्राप्त निर्देशन गर्न सक्नेछ । तर बन्द गर्नु अगाडि सफाइको मौका दिनु पर्नेछ ।

**११. इजाजतपत्र रद्द गर्न सकिने :**

तोकिएको सर्त र समयावधिभित्र प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वत : रद्द हुनेछ ।

**१२. एफ.एम रेडियो समन्वय तथा अनुगमन समिति :**

(१) नगरपालिकामा एक एफ.एम. रेडियो समन्वय तथा अनुगमन समिति देहाय बमोजिम रहने छ ।

क) नगरपालिकाको प्रमुख - संयोजक

ख) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) कार्यपालिकाको सदस्यहरू मध्येबाट सम्बन्धित विषय वस्तुमा जानकार रहेका १ जना महिला सहित २ जना - सदस्य

घ) सम्बन्धित विषयगत शाखाको शाखा प्रमुख - सदस्य सचिव

**१३. एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार :**

एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिलाई देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ :-

क) नगरपालिकामा दर्ता हुन आएका १०० वाट क्षमतासम्मको एफ.एम. रेडियोको दर्ता सम्बन्धमा आवश्यक निर्णय गर्ने,

ख) नगरपालिकामा सञ्चालित एफ.एम. रेडियोहरूले तोकिएको सर्त अनुरुप कार्य गरे नगरे अनुगमन गर्ने व्यवस्था मिलाउन,

ग) नगरपालिकामा एफ.एम. रेडियो सञ्चालनको लागि आवश्यक समन्वय तथा सोको अनुगमन गर्ने,

घ) आवश्यक देखेको अन्य कार्यहरू गर्ने ।

**१४. एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको बैठक र कार्यप्रक्रिया :**

(१) एफएम रेडियो समन्वय तथा अनुगमन समितिको बैठक कम्तीमा त्रैमासिक रुपमा बस्नेछ ।

(२) समितिको बैठक भत्ता सभाबाट तोकिए बमोजिम हुनेछ ।

**१५. एफ.एम. रेडियोले पालना गनुपर्ने सर्तहरू :**

यस कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका एफ .एम. रेडियोहरूले

कार्यक्रम प्रसारण गर्दा देहाय बमोजिमको सर्तहरूको अधीनमा रही कार्यक्रम प्रसारण गर्नु पर्नेछ :

क) एफ .एम. रेडियोले प्रसारण गर्ने समाचार कुनै दल विशेषको नभई स्वतन्त्र, तटस्थ रुपमा सत्य समाचारको रुपमा कार्यक्रम प्रसारण गर्नु पर्नेछ ।

ख) लोक कल्याणकारी समाचारहरूको प्रसारणमा ध्यान दिनु पर्नेछ ।

ग) समाचार प्रवाहमा देशको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता तथा वातावरणमा कुनै पनि किसिमले असर नपर्ने हिसाबमा प्रसाारण गर्नु पर्नेछ ।

घ) सेवा लिन इच्छुक सेवाग्राहीलाई विना पूर्वाग्रह सेवा उपलव्ध गराउनु पर्नेछ । साथै सेवा सुविधा तोक्दा प्रचलित बजार दरभन्दा बढी लिन पाइने छैन ।

ङ.) कार्यालय समय अघिपछि र बिदाको दिनमा पनि सेवाग्राहीको आवश्यकता बमोजिम सेवा प्रवाह गर्ने व्यवस्था सुनिश्चतता गर्नु पर्नेछ ।

च ) कार्यक्रम प्रसारण वा वितरण गर्दा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिको सहमती लिनु पर्ने ।

छ) यो कार्यविधि लागु हुनुपूर्व सूचना तथा सञ्चार मन्त्रालयबाट राष्ट्रिय प्रसारण ऐन, २०४९ र राष्ट्रिय प्रसारण नियमावली, २०५२ बमोजिम जारी गरेका १०० वाट सम्मका एफ. एम. को इजाजतपत्रहरू यसै ऐन बमोजिम जारी भएको मानिनेछ ।

(ज) आपतकालीन वा विपद्को समयमा नगर कार्यपालिकाबाट निर्देशन भएमा सरकारी सूचनाहरू निःशुल्क प्रसारण गर्नु पर्नेछ ।

झ) युद्व वा सङ्कटकालीन समय आई परेमा नगर कार्यपालिकाले कुनै खास कार्यक्रमहरू मात्र प्रसारण गर्ने गरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र प्रसारण गर्नु पर्नेछ ।

(ञ) कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्था वा व्यक्तिले कार्यक्रम प्रसारणको आरम्भ, बीच र अन्त्यमा आफ्नो परिचय (कल साइन) दिनु पर्नेछ ।

ट) प्रचलित ऐन कानूनको पूर्ण रुपमा परिपालना गर्नु पर्नेछ ।

**१६. प्रसारण गर्न नहुने :** एफ.एम. रेडियोहरूले देहाय बमोजिमको कुनै कार्यक्रम प्रसारण गर्न पाइने छैन :

(क) नेपालको शान्ति ,सुरक्षा र व्यवस्थामा खलल पर्न जाने ।

(ख) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने ।

(ग) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच पुऱ्याउने ।

(घ) विभिन्न जात, जाति, धर्म, वर्ण, क्षेत्र, लिङ्ग तथा विभिन्न सम्प्रदायका मानिसहरू बीच वैमनस्यता सिर्जना गर्ने वा सामाजिक दुर्भावना फैलाउने ।

(ङ) अदालतको अवहेलना हुने

(च) सामाजिक विकृति फैलाउने किसिमका अश्लील सामग्रीहरू ।

(छ) कुनै व्यक्तिको नाम किटान गरी कसैको मान, मर्यादा वा प्रतिष्ठामा आघात पार्ने सामग्रीहरू ।

(ज) संविधान तथा प्रचलित कानुनको सीमाभित्र रही नगर सभाले प्रसारण गर्न नहुने भनी तोकिदिएका अन्य सामग्रीहरू ।

**१७. कार्यक्रम प्रसारण प्रारम्भ गर्नु पर्ने :**

(१) इजाजतपत्र प्राप्त व्यक्ति वा सङ्गठित संस्थाले इजाजतपत्र वा अनुमतिपत्र पाएको मितिले तीन महिनाभित्र आफ्नो प्रसारण प्रारम्भ गर्नु पर्नेछ ।

(२) इजाजतपत्र प्राप्त कुनै व्यक्ति वा सङ्गठित संस्थाले उपनियम (१) बमोजिमको अवधिभित्र प्रसारण प्रारम्भ गर्न नसक्ने भएमा सोको आधार र कारण समेत खुलाई अवधि थपको लागि त्यस्तो अवधि भुक्तान हुनु अगावै नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा अवधि थप गर्न मनासिब देखेमा नगर कार्यपालिकाले तीन महिना सम्मको अवधि थप गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिमको अवधिभित्र पनि प्रसारण प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

**१८. विवरण संशोधन गर्न सक्ने :**

(१) कसैले इजाजतपत्रमा उल्लिखित कुनै विवरण बदल्न चाहेमा नगरसभाले तोके बमोजिम दस्तुर सहित अनुसूची-५ बमोजिमको ढाँचामा नगर कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मुनासिब

देखिएमा नगर कार्यपालिकाले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ ।

**१९. इजाजतपत्रको प्रतिलिपि :**

(१) यस कानून बमोजिम प्राप्त इजाजतपत्र हराएमा, नासिएमा वा कुनै कारणवश च्यातिएमा इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले सोको प्रतिलिपि माग गर्न सक्नेछ ।

(२) कसैले उपदफा (१) बमोजिम प्रतिलिपि माग गरेमा नगरपालिकाले तोकिए बमोजिमको दस्तुर लिई नक्कल दिनु पर्नेछ ।

**२०. विवरण बदल्न सक्ने :**

(१) कसैले इजाजतपत्रमा उल्लिखित कुनै विवरण बदल्न चाहेमा नगरसभाले तोके बमोजिम दस्तुर सहित अनुसूची-३ बमोजिमको ढाँचामा नगर कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण बदल्न दिएको निवेदनको व्यहोरा मुनासिब देखिएमा नगर कार्यपालिकाले निवेदन बमोजिमको विवरण बदल्न सक्नेछ ।

**२१. नियमन गर्न सक्ने :**

(१) इजाजतपत्रमा उल्लिखित सर्तहरू बमोजिम कार्यक्रम प्रसारण गरे वा नगरेको सम्बन्धमा एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले प्रसारण सम्बन्धी संस्थाको निरीक्षण तथा छानबिन गर्न गराउन सक्नेछ । साथै निरीक्षण तथा छानबिन गर्दा सर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको पाइएमा इजाजतपत्र उल्लिखित सर्तहरू बमोजिम कार्यक्रम प्रसारण गर्न एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिले वा तोकिएको अधिकारीले एक पटकको लागि बढीमा १ महिना समय उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण तथा छानबिन गर्दा शर्त बमोजिम कार्यक्रम प्रसारण नगरेको र मौका दिँदा पनि सर्त बमोजिम काम नगरेको भन्ने पुन : गरिएको निरीक्षण तथा छानबिनबाट देखिएमा वा समितिले कसैले कार्यविधि बमोजिम इजाजतपत्र नलिई अनधिकृत रूपमा कुनै कार्यक्रम प्रसारण गरेको देखिएमा त्यस्तो एफ.एम रेडियो तत्काल बन्द गर्न सक्नेछ । तर बन्द गर्नु अगाडि सफाइको मौका दिनुपर्नेछ ।

**२२. दण्ड जरिवाना :**

(१) यस कानुन विपरीत गर्नेलाई कार्यपालिकाले एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिसमा तोकिए बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जरिवाना गर्नुपूर्व त्यस्तो एफ.एम.रेडियो सञ्चालकलाई आफ्नो भनाइ राख्ने मौका दिनु पर्नेछ ।

**२३. पुनरावेदन :**

कार्यपालिकाले दफा २१ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको ३५ दिनभित्र न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ ।

**२४. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने :**

ऐनको अनुसूचीमा हेरफेर तथा थपघट गर्नु पर्ने भएमा स्थानीय तह एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिसमा नगरसभाले गर्नेछ ।

**२५. ऐनको व्याख्या तथा संशोधन :**

यस ऐनको संशोधन गर्नुपर्ने भएमा स्थानीय तह एफ.एम. रेडियो समन्वय तथा अनुगमन समितिको सिफारिसमा कार्यपालिकाले नगरसभामा पेस गरी संशोधन गर्नु पर्नेछ ।

# अनुसूची- १

## दफा ५(१) सँग सम्बन्धित

## एफ. एम. रेडियो इजाजतपत्रको स्वीकृतका लागि दिइने निवेदन

श्री सैनामैना नगरपालिका
बुद्धनगर, रूपन्देही

एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, ऐन २०७४ को दफा ५ (१) बमोजिम एफ.एम रेडियो सञ्चालन गर्ने इजाजतपत्र पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन पेस गरेको छु/छौं ।

**१. निवेदकको,**

| | |
|---|---|
| (क) स्थायी ठेगाना - | (ख) अस्थायी ठेगाना - |
| जिल्ला :- | जिल्ला :- |
| ....... नगरपालिका | |
| वडा नं. :- | वडा नं. :- |
| टोल :- | टोल :- |
| फोन नं. :- | फोन नं. :- |
| घर नं :- | घर नं :- |
| फ्याक्स नं :- | फ्याक्स नं :- |
| नागरिकता लिएको जिल्ला | इमेल ठेगाना :- |

नागरिकता नं र नागरिकता लिएको मिति :-

**२. संस्था वा व्यक्तिको**

(क) नाम :-
(ख) आर्थिक स्थिति (स्थिर तथा चालू पुँजी)
(ग) अनुभव :-
(घ) प्राविधिक दक्षता :-

**३. प्रसारण गरिने स्थान :-**

**४. प्रसारण हुने क्षेत्र:-**

**५. प्रसारण सुरु हुने मिति :-**

**६. प्रसारणको माध्यम :-**

**७. प्रसारणको क्षमता :-**

**८. प्रसारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानेल :-**

**९. प्रसारण गर्दा प्रयोग गरिने उपकरणहरू :-**

**१०. प्रसारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसँग गरिएको सम्झौता :-**

**११. प्रसारणमा प्रयोग हुने भाषा :-**

**१२. प्रसारणको समयावधि :-**

**१३. प्रसारण गरिने कार्यक्रमहरू :-**

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको :-

सही :-

नाम :-

मिति :-

## अनुसूची – २
## दफा ५(२) सँग सम्बन्धित

## एफ. एम. रेडियो इजाजतपत्र

**इजाजतपत्र नं. :-**

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

(क) स्थायी ठेगाना -
जिल्ला :-
नगरपालिका :
वडा नं. :-
टोल :-
फोन नं. :-

(ख) अस्थायी ठेगाना -
जिल्ला :-
नगरपालिका :
वडा नं. :-
टोल :-
फोन नं. :-

३. प्रसारण संस्था वा व्यक्तिको नाम :-
४. प्रसारणको माध्यम :-
५. प्रसारणको क्षमता
६. प्रसारण गर्दा प्रयोग गरिने
(क) फ्रिक्वेन्सी :-
(ख) बैन्ड :-
(ग) च्यानेल :-
(घ) ट्रान्समिटर :-
(ङ) एन्टेना :-
७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :-
८. प्रसारण हुने क्षेत्र र जनसंख्या :-
९. प्रसारण सुरु हुने मिति :-
१०. प्रसारणमा प्रयोग हुने भाषा :-
११. प्रसारणको समय र समयावधि :-
१२. प्रसारण गरिने कार्यक्रमहरू :-
१३. इजाजतपत्र बहाल रहने मिति :-

१४. अन्य सर्तहरू :-

(क) प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३९ बमोजिम गठित रोयल्टी सम्बन्धी संस्थाहरूले तोकेको मापदण्ड बमोजिम गीत संगीतको सार्वजनिक प्रयोग बापत रोयल्टी बुझाएको निस्सा वा बुझाउन कबुलियत गरिएको सम्झौतापत्र अनिवार्य पेस गर्नुपर्ने ।

(ख) ........................................

(ग) ........................................

कार्यालयको छाप

मिति :-

इजाजतपत्र दिने अधिकारीको :-

सही :

नाम :-

दर्जा :-

कार्यालय :-

## अनुसूची – ३
## दफा ८ सँग सम्बन्धित
## एफ.एम. रेडियो इजाजतपत्रको नवीकरणको लागि दिइने निवेदन

श्री ............................

मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं...... आ.व.........................को लागि नवीकरण गरिदिन नवीकरण दस्तुर समेत बुझाई (भौचर नं.....) श्रीमान् समक्ष (आवश्यक कागजात संलग्न गरी) अनुरोध गर्दछु/गर्दछौं ।

निवेदक

..................

संलग्न

१) निवेदन
२) सक्कल इजाजतपत्र
३) भौचर/रसिद

# अनुसूची-४
## दफा ८ सँग सम्बन्धित
## एफ. एम. रेडियो इजाजतपत्रको नवीकरण

इजाजतपत्र नं. :-

१. इजाजतपत्र पाउने व्यक्ति वा संस्थाको नाम :-

२. ठेगाना :-

| (क) स्थायी ठेगाना - | (ख) अस्थायी ठेगाना - |
|---|---|
| जिल्ला :- | जिल्ला : |
| नगरपालिका : | नगरपालिका : |
| वडा नं. :- | वडा नं. : |
| टोल :- | टोल : |
| फोन नं. :- | फोन नं. : |

३. प्रसारण संस्था वा व्यक्तिको नाम :

४. प्रसारणको माध्यम :

५. प्रसारणको क्षमता :

६. प्रसारण गर्दा प्रयोग गरिने

(क) फ्रिक्वेन्सी :

(ख) बैन्ड :

(ग) च्यानेल :

(घ) ट्रान्समिटर :

(ङ) एन्टेना :

७. प्रसारण प्रणाली स्थापना हुने ठाउँ र प्रसारण केन्द्र :

८. प्रसारण हुने क्षेत्र र जनसङ्ख्या :

९. प्रसारण सुरु हुने मिति :

१०. प्रसारणमा प्रयोग हुने भाषा :

११. प्रसारणको समय र समयावधि :

१२. प्रसारण गरिने कार्यक्रमहरू :

१३. इजाजतपत्र बहाल रहने मिति :

१४. अन्य सर्तहरू :

(क) प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३९ बमोजिम गठित रोयल्टी सम्बन्धी संस्थाहरूले तोकेको मापदण्ड बमोजिम गीत संगीतको सार्वजनिक प्रयोग बापत रोयल्टी बुझाएको निस्सा वा बुझाउन कबुलियत गरिएको सम्झौतापत्र अनिवार्य पेस गर्नुपर्ने ।

(ख)

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको :-
सही :
नाम :
दर्जा :
कार्यालय :

नवीकरणको विवरण :-

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

## अनुसूची– ५
## दफा ७ सँग सम्बन्धित

स्याटेलाइट रिसिभिङ्ग सिस्टम/स्याटेलाइट कम्युनिकेशन सिस्टम (अर्थ स्टेसन) को लाइसेन्सका लागि दिइने दरखास्त :

श्री ............................

स्याटेलाइट रिसिभिङ्ग सिस्टम राख्न तथा प्रयोग गर्नका लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेसनको प्रतिलिपिसमेत संलग्न गरी स्याटेलाइट रिसिभिङ्ग सिस्टमको लाइसेन्स पाउनका लागि अनुरोध गर्दछु ।

१. प्रयोग गर्नुपर्ने उद्देश्य र कारण :-
२. प्रयोग गर्न चाहेको सिस्टमको विवरण :-
   (क) निर्माताको नाम :-
   (ख) मोडेल नं.:-
   (ग) सिरियल नं.:-
   (घ) साइज र अन्य विवरण :-
   (ङ) एन्टेना सम्बन्धी विवरण :-
३. प्रयोग गरिने ठाउ :-
४. आर. एफ. फ्रिक्वेन्सी रेन्ज । प्रयोग गर्ने फ्रिक्वेन्सी :-
५. कुन स्याटेलाइटको माध्यमबाट के कस्तो सञ्चार आदान प्रदान गर्ने हो :-
६. प्रयोग भइरहेको भए कुन मितिदेखि प्रयोग भइरहेको हो :-
७. प्रयोग :-
   (क) व्यक्तिगत :-    (ख) सामूहिक :-
८. सामूहिक रूपमा प्रयोग गरिने भए प्रयोगकर्ताहरूको नाम र अन्य विवरण ( नाम यसैसाथ संलग्न गरेको हुनुपर्ने)
९. घर बहालमा लिई रेडियो यन्त्र राख्ने वा प्रयोग गर्ने भए घर धनीको स्वीकृति भए नभएको :-

(घर धनीको स्वीकृति पत्र यसैसाथ संलग्न गर्नुपर्ने)

१०. आयात गरिने देशको नाम :-

११. आयात हुने भन्सार कार्यालयको नाम :-

दरखास्तवालाको

सही :-

नाम :-

ठेगाना :-

मिति :-

## अनुसुची-६
## दफा ७ सँग सम्बन्धित

एफ एम ट्रान्समिटर र (STL Link) को लाइसेन्सका लागि दरखास्त

श्री.........................,

देहायका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि देहायका विवरणहरू खुलाई प्रोफर्मा इन्भ्वाइस र टेक्निकल स्पेसिफिकेसनको प्रतिलिपिसमेत संलग्न गरी रेडियो यन्त्रको लाइसेन्स पाउनका लागि अनुरोध गर्दछु ।

१. रेडियो यन्त्र प्रयोग गर्नाको उद्देश्य एवं कारण :-
२. प्रयोग गर्ने स्थान :-
३. प्रयोग गरिने फ्रिक्वेन्सी :-
४. प्रयोग गर्ने अनुमानित मिति :-
५. रेडियो यन्त्रको विवरण :-
    (क) निर्माता :-
    (ख) मोडेल नं. :-
    (ग) सिरियल नं. आदि :-
६. स्टेसनको प्रकार :-
७. प्रयोग गरिने प्रणालीको प्रकार :-
८. प्रयोग गरिने समय :-
९. अन्य विवरणः-
    (क)
    (ख)
    (ग) दरखास्तवालाको
        सही :-
        नाम :-
        ठेगाना :-
        मिति :-

## अनुसूची – ७
## दफा ७ सँग सम्बन्धित

स्याटेलाइट रिसिभिङ्ग सिस्टमको लाइसेन्सको नमुना

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्नलिखित सर्तहरू पालन गर्ने गरी निम्न विवरणको स्याटेलाइट रिसिभिङ्ग सिस्टम (अर्थ स्टेसन) राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. जडान हुने स्थान :-

५. अर्थ स्टेसन स्याटेलाइट सिस्टमको विवरण :-

(क) निर्माताको नाम :-

(ख) मोडेल नं. :-

(ग) साइज र अन्य विवरण :-

(घ) एन्टेनाको विवरण :-

६. इनपुट फ्रिक्वेन्सी रेन्ज । प्रयोग गरिने फ्रिक्वेन्सीः-

७. कुन स्याटेलाइटको माध्यमबाट कस्तो सञ्चार आदान-प्रदान गर्ने :-

८. प्रयोग :-

(क) व्यक्तिगत :- (ख) सामूहिक :-

९. सामूहिक रूपमा प्रयोग गरिने भए जोडिने लाइन संख्या र व्यक्तिहरूको नामः-

१०. लाइसेन्सवालाले पालन गर्नुपर्ने सर्तहरू :-

(क) सार्वजनिक सडक, बिजुली, सार्वजनिक सञ्चारलाई असर पार्न नपाउने गरी निजी घर कम्पाउन्डभित्र मात्र वितरण गर्नुपर्नेछ ।

(ख) आम जनताका लागि प्रसारण भएको प्राप्त प्रसारण सामग्री बाहेक अन्य कुनै प्रकारको प्रसारण सामग्रीहरू वितरण वा प्रसारण गर्न पाइने छैन ।

(ग) मुनाफा वा शुल्क आदि लिई फाइदा लिन वा व्यापारिक प्रयोग गर्न पाइने छैन ।

कार्यालयको छाप

लाइसेन्स दिने अधिकारीको
सही :-
नाम :-
दर्जा :-
मिति :-

नवीकरणको विवरण :-

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

## अनुसूची - ८
## दफा ७ सँग सम्बन्धित

एफ.एम ट्रान्समिटर र STL Link राख्न तथा प्रयोग गर्नका लागि दिइएको लाइसेन्स

देहायका व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निम्नलिखित सर्तहरू पालन गर्ने गरी निम्न विवरणको रेडियो यन्त्र राख्न तथा प्रयोग गर्न पाउने गरी यो लाइसेन्स दिइएको छ ।

१. व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम :-

२. ठेगाना :-

३. लाइसेन्स नं. :-

४. प्रयोग गरिने स्थान :-

५. प्रयोगको उद्देश्य :-

६. प्रयोग गर्ने स्थान :-

७. प्रयोग गरिने फ्रिक्वेन्सी :-

८. रेडियो यन्त्रको विवरण :-

(क)

(ख)

(ग)

९. प्रयोग गर्ने मिति :-

१०. स्टेसनको प्रकार :-

११. प्रयोग गरिने प्रणाली :-

१२. प्रयोग गरिने समय :-

१३. लाइसेन्सवालाले पालन गर्नुपर्ने सर्तहरू:-

(क)

(ख)

(ग)

कार्यालयको छाप :-

लाइसेन्स दिने अधिकारीको

सही :-

नाम :-

दर्जा :-

मिति :-

नवीकरणको विवरण

| आर्थिक वर्ष | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

## अनुसूची– ९
## दफा २० सँग सम्बन्धित

एफ. एम. रेडियो इजाजतपत्रको विवरण बदल्न दिइने निवेदनको ढाँचा

श्री ..............................

मैले/हामीले मिति ..................मा प्राप्त गरेको इजाजतपत्र नं. ..... मा देहाय बमोजिमको विवरण बदल्न चाहेकाले संलग्न अनुसारका कागजातहरू सहित श्री...................समक्ष अनुरोध गर्दछु/गर्दछौं ।

निवेदक

..................

बदल्न चाहेको विवरण

क)

ख)

ग)

**संलग्न**

१) निवेदन :-

२) सक्कल इजाजतपत्र :-

३) भौचर/रसिद :-

आज्ञाले

कृष्ण प्रसाद भण्डारी

प्रमाणीकरण मिति : २०७४/११/०५ प्रमुख प्रशासकीय अधिकृत